# नेपाल सरकार र नेपाल कम्युनिस्ट पार्टी (माओवादी) बीच भएको हतियार र सेना व्यवस्थापनको अनुगमन सम्झौता, २०६३

## प्रस्तावना

संयुक्त राष्ट्र संघका महासचिवलाई प्रेषित २४ साउन (९ अगस्त) को पत्र तथा ५ मंसिर २०६३ (२१ नेभेम्बर २००६) को विस्तृत शान्ति सम्झौताका व्यवस्थाहरुलाई ध्यानमा राख्दै,

स्वतन्त्र, निष्पक्ष र भयमुक्त वातावरणमा संविधानसभाको निर्वाचनमा भाग लिन पाउने नेपाली जनताको मौलिक अधिकारको प्रत्याभूति गर्दै,

संविधानसभा मार्फत नेपाली जनताको सार्वभौमसत्ताको सुनिश्चितता, अग्रगामी राजनीतिक निकास, राज्यको लोकतान्त्रिक पुनर्संरचना र सामाजिक-आर्थिक-साँस्कृतिक रुपान्तरण गर्न दुवै पक्षबीच भएको विस्तृत शान्ति सम्झौताको आधारमा देशमा २०५२ (१९९६) सालदेखि चल्दै आएको सशस्त्र द्वन्द्वलाई अन्त्य गरी शान्तिपूर्ण लोकतान्त्रिक सहकार्यको नयाँ अध्याय प्रारम्भ भएको घोषणा गर्दै, तथा संयुक्त राष्ट्र संघको रोहवरमा सम्पन्न भएको प्रस्तुत द्विपक्षीय सम्झौताका शर्तहरु पूर्ण रुपमा पालना गर्ने इच्छालाई पुष्टि गर्दै, माओवादी सेनाका लडाकुहरु र उनीहरुका हतियारहरु तोकिएका अस्थायी शिविरहरुमा सीमित रहेको तथा नेपाली सेना आफ्नो ब्यारेकभित्र सीमित रहेको र उसका हतियार कुनै पनि पक्ष विरुद्ध प्रयोग नभएको अन्तर्राष्ट्रिय मान्यताहरु अनुसार अनुगमन गर्न संयुक्त राष्ट्र संघका योग्य गैर-सैनिक (सिभिलियन) कर्मचारीहरु खटाई दुवै पक्षका हतियार र सेनाको व्यवस्थापन अनुगमन गर्न संयुक्त राष्ट्र संघको सहयोग प्राप्त गर्न दुवै पक्ष मन्जूर गर्दछन् ।

## १. सम्झौताका कार्यविधिहरु

### १.१ सिद्धान्तहरु

कुनै पनि पक्षले युद्धकौशलीय वा रणनीतिक फाइदा प्राप्त गर्ने गरी सेना परिचालन गर्ने वा पुनःपरिचालन गर्ने कार्य गर्नेछैन ।

यस सम्झौताको उल्लङ्घन गरिएको कुनै पनि जानकारी वा प्रतिवेदन, सोको प्रमाण संलग्न गरी वा नगरी, संयुक्त राष्ट्र संघीय अनुगमनकर्ताहरुलाई दिईनेछ र त्यसपछि नेपालस्थित संयुक्त राष्ट्र संघीय नियोगका उपयुक्त प्रतिनिधि मार्फत पक्षहरुलाई सोको जानकारी दिईनेछ ।

अन्तरिम सरकारबाट परिचालन गरिएका सुरक्षा बलले अन्तर्राष्ट्रिय सीमा र भन्सार विन्दुमा हातहतियार, विष्फोटक पदार्थ वा हातहतियार बनाउन प्रयोग गरिने कच्चा पदार्थ गैर-कानूनी रुपमा ओसारपसार गर्ने कार्य रोकथाम गर्ने सम्बन्धमा नियमित गस्ति गर्न, खानतलासी गर्न र त्यस्ता हातहतियार वा पदार्थ जफत गर्न सक्नेछ ।

संयुक्त राष्ट्र संघ, नेपालस्थित अन्तर्राष्ट्रिय दातृ निकाय र कूटनीतिक नियोगहरु, राष्ट्रिय र अन्तर्राष्ट्रिय गैर-सरकारी संस्थाहरु, संचार, मानव अधिकारकर्मीहरु, निर्वाचन पर्यवेक्षकहरु तथा बिदेशी पर्यटकहरुलाई नेपाल राज्यमा कानून बमोजिम निर्वाध रुपमा आवतजावत गर्न दिने कुरामा दुवै पक्ष सहमत छन् । पक्षहरुले नेपालका सबै

This document was created using SmartPDFCreator
To remove this message purchase the product at www.SmartPDFCreator.com

भागहरुमा संयुक्त राष्ट्र संघीय नियोग र सम्बद्ध कर्मचारी, मालसामान र सेवाको सुरक्षा, संरक्षण र उनीहरुको आवतजावत गर्ने स्वतन्त्रता र हित सुनिश्चित गर्नेछन् ।

पक्षहरुले हातहतियारको गैर-कानूनी ओसारपसार र सशस्त्र समुहको घुसपैठ नियन्त्रण गर्ने उद्देश्यले गरिएका प्रयत्नहरुमा सहयोग गर्न आवश्यक सबै उपायहरु तुरुन्त अवलम्बन गर्नेछन् ।

दुवै पक्ष अठार वर्ष वा सोभन्दा मुनिका बालबालिकालाई सैन्य वलमा समावेश वा उपयोग नगर्न पूर्ण रुपमा सहमत छन् । यसरी प्रभावित बालबालिकाहरुको तुरुन्त उद्धार गरिनेछ र तिनीहरुको पुनर्स्थापनाको लागि आवश्यक र उपयुक्त सहयोग प्रदान गरिनेछ ।

## १.२ परिभाषा

देहायका परिभाषाहरु स्वीकार गरिएका छन् :

(१) ***"अस्थायी शिविर (माओवादी सेना)"*** भन्नाले हतियार, खरखजाना र उपकरण लगायत माओवादी लडाकु ईकाइ (युनिट) हरुलाई राख्न र उनीहरुलाई सेवाहरु उपलब्ध गराउनका लागि अस्थायी रुपमा तोकिएको र स्पष्ट रुपमा परिभाषित भौगोलिक क्षेत्र सम्झनु पर्छ । माओवादी सेनाका सबै तहहरुका लागि अस्थायी शिविरहरु व्यवस्था गरिएको छ ।

(२) ***"व्यारेकमा राख्ने (नेपाली सेना)"*** भन्नाले हतियार, खरखजाना र उपकरण लगायत नेपाली सेनाका ईकाइ (युनिट) हरुलालई व्यारेकमा राख्ने/खटाउने कार्य सम्झनु पर्छ । यस सम्झौतामा अन्यत्र तोकिएका कृयाकलाप हरुकालागि वा पक्षहरुबीच आपसी रुपमा अन्यथा सहमति भएकोमा वाहेक गुल्म (कम्पनी) भन्दा तल्लो तहको कुनै पनि ईकाइ (युनिट) लाई स्वतन्त्र रुपमा परिचालन गरिने छैन ।

(३) ***"सुरक्षित हतियार भण्डारण क्षेत्रहरु"*** भन्नाले हतियार, गोलिगट्ठा तथा विष्फोटक पदार्थहरुको भण्डारण गर्नका लागि प्रयोग गरिएका नियमित गोलिगट्ठा भण्डार सहितका सैनिक व्यारेकहरु वा जिम्मेवार ईकाइ (युनिट) वाट नियन्त्रित र सुरक्षा दिईएका अस्थायी शिविरहरुको विशेष परिधि (पेरिमिटर) भित्र स्थापित भण्डारण कन्टेनरहरु सम्झनु पर्दछ ।

(४) ***"पक्षहरु"*** भन्नाले नेपाल सरकार (नेपाली सेना समेत) र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) (माओवादी सेना समेत) सम्झनु पर्दछ ।

(५) ***"संयुक्त राष्ट्र संघीय अनुगमन"*** भन्नाले यस सम्झौतामा उल्लिखित शर्तहरुको सापेक्षिक परिपालना निर्धारण गर्न र सबै पक्षहरु तथा अन्य सम्बद्ध पक्षहरुलाई आफ्ना ठहरहरुको जानकारी गराउन संयुक्त राष्ट्र संघीय नियोगबाट गरिएका सबै प्रयत्नहरु सम्झनु पर्दछ ।

(६) ***"संयुक्त अनुगमन समन्वय समिति"*** भन्नाले संयुक्त राष्ट्र संघको अध्यक्षतामा गठित दुवै पक्षका सदस्यहरु रहेको अनुगमन, रिपोर्टिङ्ग र समन्वय समिति सम्झनु पर्दछ । पक्षहरुले यस सम्झौताको पालना गरे नगरेको सम्बन्धमा यस सम्झौताको धारा ६.१ को व्यवस्था अनुसार संयुक्त अनुगमन समन्वय समितिले सुपरीवेक्षण गर्नेछ ।

(७) ***"संयुक्त अनुगमन टोलीहरु"*** भन्नाले शत्रुतापूर्ण कार्यको अन्त्य (Cessation of hostility) को अनुगमन गर्न सहयोग पुराउने निकायहरु सम्झनु पर्दछ । संयुक्त अनुगमन टोलीहरु क्षेत्रीय र स्थानीय तहमा तथा मोबाइल टोलीहरुमा परिचालित हुनेछन् । एकजना संयुक्त राष्ट्र संघीय अनुगमनकर्ता टोली नेता हुने प्रत्येक टोलीमा नेपाली सेनाको एकजना अनुगमनकर्ता र माओवादी सेनाको एकजना अनुगमनकर्ता रहनेछन् । संयुक्त अनुगमन टोलीहरुलाई हतियार भण्डारण निरीक्षण गर्ने कार्यमा प्रयोग गरिने छैन ।

This document was created using Smart PDF Creator
To remove this message purchase the product at www.SmartPDFCreator.com

संयुक्त राष्ट्र संघीय अनुगमन टोली र माओवादी सेनाको प्रतिनिधिले माओवादी सेना रहेका अस्थायी शिविरहरुको निरीक्षण गर्नेछन् । संयुक्त राष्ट्र संघीय अनुगमन टोली र नेपाली सेनाको प्रतिनिधिले नेपाली सेनाका व्यारेकहरुको निरीक्षण गर्नेछन् ।

(८) ***"माओवादी सेनाका लडाकुहरु"*** भन्नाले यस सम्झौताको प्रयोजनका लागि ११ जेठ २०६३ (२५ मे २००६) भन्दाअघि सेवा प्रबेश गरेका, बालिग र नेकपा (माओवादी) को परिचयपत्र तथा पक्षहरुबाट मन्जूर गरिएका अन्य माध्यमहरु समेतबाट आफ्नो सेवा प्रदर्शन गर्न सक्षम, कर्तव्य पालनामा नियमित र सक्रिय रुपमा खटिएका माओवादी सेनाका सदस्यहरु समेतलाई जनाउँछ ।

## १.३ प्रबर्द्धन

पक्षहरुले आफ्ना कमाण्डर, सदस्य र सम्बद्ध समुहहरुमा यस सम्झौताको र यसका व्यवस्थाहरुको परिपालनाको सम्बन्धमा सचेतना प्रबर्द्धन गर्नेछन् ।

पक्षहरु, नेपाल सरकार, नेपाली सेना, नेकपा (माओवादी) र माओवादी सेनाले स्थानीय समुदाय र पक्षहरुका कमाण्डर, सदस्य र सम्बद्ध समुहहरुले संयुक्त राष्ट्र संघीय कार्यादेश तथा यस सम्झौतामा उल्लिखित पक्षहरुका सम्पूर्ण दायित्वहरु बुझेको सुनिश्चित गर्नको निम्ति संयुक्त राष्ट्र संघीय नियोगको सहयोगमा एक सचेतनामूलक कार्यक्रम तर्जुमा गर्नेछन् । जानकारीमूलक कार्यक्रमहरुमा स्थानीय भाषाहरुमा बैठकका कामकारवाही गर्ने, मुद्रण र विद्युतीय माध्यमको प्रयोग गर्ने कुराहरु समेत समावेश हुनेछन् ।

## १.४ चरणहरु

यो सम्झौता हस्ताक्षर भएपछि लागू हुनेछ । त्यसपछि देहाय बमोजिमका चरणहरुमा यो सम्झौताको कार्यान्वयन गरिनेछ ।

(१) रिपोर्टिङ्ग र प्रमाणीकरण,
(२) सैन्य बलको पुनःखटनपटन (Redeployment) र एकट्ठा (Concentration),
(३) माओवादी सेनालाई अस्थायी शिविरमा राख्ने, नेपाली सेना व्यारेकमा रहने तथा हातहतियारको नियन्त्रण, र
(४) सम्झौताको पूर्ण परिपालना ।

यी सबै कार्यहरु सम्पन्न गर्नका लागि पक्षहरुले संयुक्त राष्ट्र संघसंग परामर्श गरी एउटा विस्तृत र व्यावहारिक समयतालिका तर्जुमा गर्नेछन् ।

## २ रिपोर्टिङ्ग र प्रमाणीकरण

पक्षहरुले आ-आफ्ना सेनाहरुको बारेमा विस्तृत जानकारी दिनेछन् र संयुक्त राष्ट्र संघले यस्तो जानकारीलाई उपयुक्त गोपनीयताका साथ उपयोग गर्नेछ । पक्षहरुले देहायका कुराहरु लगायत वर्तमान भण्डारणहरु देखाउने नक्सा र रेखाङ्कनहरु उपलब्ध गराउने छन् :

(१) सैन्य क्रम (Order of battle)/सैनिक संरचना, संगठन, सैनिकको खटनपटन र संख्या,
(२) धराप, बारुदी सुरुङ्ग, विष्फोट नभएका गोलीगठ्ठा, स्टाण्डर्ड बिस्फोटक पदार्थहरु, अपरिष्कृत विस्फोटक उपकरण (Improvised explosive devices) र यस्ता सामग्रीहरुको वास्तविक अवस्थिति,
(३) क्याम्पसंग सम्बन्धित सडक, मार्ग, ट्रेल र बाटोहरु बारेको आवश्यक जानकारी,

This document was created using Smart PDF Creator
To remove this message purchase the product at www.SmartPDFCreator.com

(४) पक्षहरु, नेपाली सेना र माओवादी सेनाहरुसंग काम गर्ने सशस्त्र वा निशस्त्र समुहहरु एवं उनीहरुको जिम्मेवारी लगायतको जानकारी, र

(५) हतियार र सेनाहरुको स्थिति/व्यवस्थाको उपयुक्त अनुगमन गर्नका लागि संयुक्त राष्ट्र संघीय नियोगले मागेको अन्य जानकारी ।

संयुक्त राष्ट्र संघीय नियोगले अनुगमनकर्ताहरु खटिएपछि तुरुन्तै यस्ता जानकारीको जाँच गर्नेछ ।

## ३ सैन्य बलको पुनःखटनपटन र एकट्ठा

नेपाली सेना र माओवादी सेना दुवैले सैन्य बलहरुको पुनःखटनपटन र एकट्ठाको लागि विस्तृत योजना, समय तालिका र विधिहरु संयुक्त राष्ट्र संघीय नियोगलाई उपलब्ध गराउने छन् ।

नेपालभित्रका सबै लडाकुहरुको पुनःखटनपटन र एकट्ठाको कार्य (नेपाली सेना व्यारेकभित्र र माओवादी सेनाहरु अस्थायी शिविरभित्र जाने) संयुक्त राष्ट्र संघसंग परामर्श गरी सम्पन्न गरिनेछ । संयुक्त राष्ट्र संघीय अनुगमनकर्ताहरू आएपछि उनीहरूले सैन्य वलहरूको पुनःखटनपटन र एकट्ठाको अनुगमन गर्नेछन् ।

सरकारी, सार्वजनिक र निजी भवन, जमिन तथा अन्य सम्पत्तिहरूको अभिलेख खडा गरी तत्कालै फिर्ता गर्न दुबै पक्ष सहमति व्यक्त गर्दछन् ।

पक्षहरुले स्वतन्त्र आवागमन प्रवर्द्धन र प्रत्याभूत गर्न र भय तथा त्रासमुक्त वातावरण तयार गर्ने उद्देश्यले सबै सैनिक र अर्धसैनिक जाँचकेन्द्र (चेकपोष्ट) हरू हटाउने छन् ।

नेपाल प्रहरी र सशस्त्र प्रहरी वलले जन आन्दोलनको भावना र मर्म, शान्ति सम्झौता एवं प्रचलित कानून अनुसार कानून र व्यबस्था बहाल राख्ने तथा अपराध अनुसन्धानको कार्य चालू राख्ने छन् । २२ कार्तिक २०६३ (८ नोभेम्बर २००६) गतेका निर्णयहरूको मर्म तथा शान्ति सम्झौताको भावना अनुरूप राज्य वा राज्य संयन्त्रको कुनै पनि क्षेत्रमा समानान्तर वा अन्य स्वरुपको संयन्त्र संचालन नगर्न दुवै पक्ष सहमत छन् । नेपाल सरकार तथा सार्वजनिक निकायका कर्मचारीहरूलाई देशको कुनै पनि भागमा स्वतन्त्र रुपमा आवतजावत गर्न, आफ्नो कर्तव्य पालन गर्न तथा आफ्नो कार्यसम्पादनको सिलसिलामा तिनीहरूलाई कुनै पनि किसिमको बाधा अवरोध खडा नगर्न र त्यस्तो अवरोध खडा हुन नदिन तथा उनीहरूको काममा सहयोग गर्न सबै पक्षहरू सहमत छन् ।

## ४. माओवादी सेनालाई अस्थायी शिविरमा राख्ने, नेपाली सेनालाई व्यारेकमा राख्ने र हातहतियार नियन्त्रण गर्ने कार्य

### ४.१ माओवादी सेनालाई अस्थायी शिविरमा राख्ने

संयुक्त राष्ट्र संघलाई प्रेषित पत्रमा व्यक्त प्रतिबद्धता अनुसार माओवादी सेनाका लडाकुहरू र उनीहरूका हतियारहरू तोकिएका अस्थायी शिविरहरूमा सीमित रहनेछन् । कार्यान्वयन हुनु अगावै तय गरिएको विस्तृत योजना र तयारी अनुसार अस्थायी शिविरहरु राखिनेछन् । माओवादी सेनाका लडाकुहरु अस्थायी शिविरमा रहेपछि नेपाल सरकारले उनीहरूको रसदपानी लगायत अन्य आवश्यक व्यवस्था गर्नेछ । कार्यान्वयन भएपछि विस्तृत अवधारणाले राम्रो संचार र उपयुक्त प्रबन्धहरू (Logistics) सुनिश्चित गर्नेछ । संयुक्त राष्ट्र संघीय अनुगमनकर्ताहरू अनुगमन गर्ने प्रयोजनको लागि कुनै तथा सबै अस्थायी शिविरहरूमा प्रबेश गर्न पाउनेछन् ।

This document was created using Smart PDF Creator. To remove this message purchase the product at www.SmartPDFCreator.com

### ४.१.१ कमाण्डरको जिम्मेवारी

माओवादी सेनाको अस्थायी शिविर नियन्त्रण गर्न साईटको प्रशासनमा माओवादी सेनाको नियमित संरचना प्रयोग गरिने र माओवादी सेनाको नियमित चेन अफ कमाण्ड तथा नियन्त्रण उपयोग गरिनेछ ।

सातवटा मुख्य अस्थायी शिविरहरू रहने र प्रत्येक मुख्य शिविर वरिपरि तीन/तीन वटाका दरले २१ वटा सहायक शिविरहरू रहने छन् । पक्षहरू अन्यथा सहमत भएकोमा बाहेक सहायक शिविर मुख्य शिविरबाट दुई घण्टाको सवारी दूरीभित्रै पर्ने गरी राखिने छ । तोकिएका सात वटा मुख्य शिविरहरू माओवादी सैनिक साइट कमाण्डरको र सहायक शिविरहरू तोकिएका सहायक कमाण्डरहरूको कमाण्ड, नियन्त्रण, सञ्चार र जानकारी अन्तर्गत रहने छन् ।

साइटका कमाण्डरहरूले प्रत्येक साईटको सम्बन्धमा देहायका कुराहरूको विस्तृत जानकारी संयुक्त राष्ट्र संघीय नियोगलाई उपलब्ध गराउने छन् :

(१) नक्सामा देखाइएका ईकाइ (युनिट) र सहायक ईकाइ (सवयुनिट) हरूको कमाण्ड संरचना,
२) गूल्म तह तलसम्मका कमाण्डरहरूको नाम,
(३) सञ्चार प्रणाली,
(४) कर्मचारीहरूको पूर्ण सूची,
(५) हातहतियारको पूर्ण सूची अर्थात किसिम, संख्या, क्रमसंख्या र मुख्य अस्थायी शिविरहरूभित्र भण्डारण अन्तर्गतको क्यालीवर,
(६) खरखजानाको विवरण, किसिम, लट संख्या र परिमाण, र
(७) साईटको सुरक्षाकोलागि खटाईने गार्डहरुको नामावली, त्यस्तो खटनपटनकोलागि आवश्यक हातहतियार र खरखजानाको पूर्ण सूची (मूख्य र सहायक शिविर तहमा) ।

साइट कमाण्डरको जिम्मेवारीमा देहायको जिम्मेवारी समेत समावेश हुनेछ,

(१) क्याम्पको सुरक्षा, साइटमा प्रबेश नियन्त्रण गर्ने समेत,
(२) संयुक्त राष्ट्र संघीय नियोग, र सम्बद्ध कर्मचारी, मालसामान र सेवाको सुरक्षा, उनीहरुको आवतजावत गर्ने स्वतन्त्रता र हित सुनिश्चित गर्ने,
(३) संयुक्त राष्ट्र संघीय नियोगसंगको सहयोगमा धारा २ अनुसार जानकारी उपलब्ध गराउने,
(४) विस्तृत शान्ति सम्झौताको भावना अनुसार लाइभ फायर अभ्यास वाहेक अनुशासन, मनोबल र साधारण तालीम सम्बन्धी कार्य गर्ने,
(५) नियमित (रुटिन) कार्य र सैनिकहरुको नियन्त्रण, र
(६) प्रबन्धहरु (लजिष्टिक) र क्याम्प सम्बन्धी सेवाहरु (नेपाल सरकार र सहायता दिने अन्य निकायहरुसंगको सहयोगमा) ।

### ४.१.२ हतियार भण्डारण र नियन्त्रण

परिधि (पेरिमिटर) सुरक्षा गर्ने प्रयोजनको लागि देहाय वमोजिम व्यबस्था भएकोमा बाहेक, माओवादी सेनाका सम्पूर्ण हतियार र खरखजाना संयुक्त राष्ट्र संघले अनुगमन गर्नेगरी सात वटा मुख्य अस्थायी शिविरहरुमा सुरक्षित किसिमले भण्डारण गर्ने कुरामा पक्षहरु सहमत छन् । दुवै पक्षहरु सशस्त्र द्वन्द्वका समयमा प्रयोग गरिएका धराप तथा बारुदी सुरुङ्गहरुको रेखाङ्कन गर्न तीस दिनभित्र आवश्यक जानकारी उपलब्ध गराई र त्यस्ता धराप र सुरुङ्गहरु साठी दिनभित्र निष्कृय पार्न, हटाउन एवं निर्मूल गर्न एक अर्कालाई सहयोग गर्नेछन् । सबै अपरिष्कृत बिस्फोटक उपकरणहरु मुख्य अस्थायी शिविर ईलाकाबाट सुरक्षित दुरीभित्र रहेका



This document was created using Smart PDF Creator. To remove this message purchase the product at www.SmartPDFCreator.com

तोकिएका स्थलहरुमा संकलन गरिनेछ । संयुक्त राष्ट्र संघीय नियोगसंग परामर्श गरी दुबै पक्षहरु यी स्थलहरुका वारेमा सहमत हुनेछन् । काम नलाग्ने उपकरणहरुलाई तुरुन्तै नष्ट गरिनेछ । स्थिर उपकरणहरुलाई सुरक्षित रुपमा भण्डारण गरी देहायमा उल्लिखित पहरा प्रवन्धमा व्यवस्था भए बमोजिम त्यसलाई चौवीसै घण्टा सशस्त्र पहारा दिईनेछ । पक्षहरुले त्यसपछि अपरिष्कृत बिस्फोटक उपकरणहरुको विनास गर्नको लागि संयुक्त राष्ट्र संघसंग परामर्श गरी समयतालिका र प्रकृया निर्धारण गर्नेछन् । अनुगमनकर्ता र माओवादी सैनिक कर्मचारी दुवैको सुरक्षा सुनिश्चित गर्न कुनै पनि अपरिष्कृत बिस्फोटक उपकरणहरु वा कच्चा (क्रुड) वम अस्थायी शिविर इलाकाभित्र ल्याइने छैन ।

मुख्य अस्थायी शिविरहरुमा हतियार र खरखजाना भण्डारण क्षेत्रको सुरक्षा व्यवस्था देहाय बमोजिम मिलाइनेछ :-

(१) तोकिएको क्षेत्र वरिपरी ताला लगाउने प्रबेशद्वार (गेट) सहितको बलियो पर्खाल लगाइनेछ । निषेधित क्षेत्र स्पष्ट रुपमा देखाउने गरी पर्खालमा चिन्हहरु राखिनेछन् ।
(२) हातहतियार भण्डारण डिपोमा सेतो रङ्ग लगाइएका भण्डारण गर्ने कन्टेनरहरु रहने र हतियारको सुरक्षित भण्डारण तथा सहज नियन्त्रणका लागि तखताहरु राखिनेछन् । साथै, त्यहाँ हतियारको पूर्ण फिहरिस्त ( हतियारको किसिम, क्यालीवर र क्रमसंख्या) पनि  राखिनेछ ।
(३) प्रत्येक भण्डारण कन्टेनरमा संयुक्त राष्ट्र संघले उपलब्ध गराएको एकल ताल्चा लगाइनेछ । तोकिएको मुख्य अस्थायी शिविरको कमाण्डरले चाबी राख्नेछ । भण्डारण स्थलमा संयुक्त राष्ट्र संघीय नियोगबाट उपलब्ध गराईएको चौवीसै घण्टा निगरानी गर्ने क्यामरा जडान गरी मुख्य अस्थायी शिविरमा रहेको संयुक्त राष्ट्र संघको कार्यालयबाट अनुगमन गरिनेछ । अध्यारो हुँदा स्वचालित रुपमा वल्ने बत्तीहरुको व्यवस्था गरिनेछ ।
(४) संयुक्त राष्ट्र संघीय नियोगले निरीक्षण दर्ता संयन्त्रको व्यवस्था गर्नेछ । भण्डारण गर्ने कन्टेनर कहिले खोलिएको हो सो उल्लेख गरी प्रत्येक कन्टेनरको ढोकामा सो संयन्त्र  टाँसिनेछ ।
(५) संयुक्त राष्ट्र संघको कार्यालय र शिविर कमाण्डरको कार्यालय दुवैमा संयुक्त राष्ट्र संघीय नियोगबाट उपलब्ध गराईएको साइरन सहितको सचेत गराउने संयन्त्र जडान  गरिनेछ । नियमित निरीक्षणको क्रममा "सुरक्षित वटन" बन्द नगरी कन्टेनरको ढोका खोलिएमा सो प्रणाली कृयाशील हुनेछ ।
(६) संयुक्त राष्ट्र संघीय अनुगमनकर्ताहरुले माओवादी सैनिक प्रतिनिधिको रोहवरमा हातहतियार भण्डारण क्षेत्र र कन्टेनरहरुको निरीक्षण गर्नेछन् ।

प्रत्येक मुख्य अस्थायी शिविरमा तोकिएका गार्डहरुबाट स्पष्टतः परिभाषित परिधि सुरक्षाको लागि मात्र प्रयोग हुने गरी एकै खालका बनौट (मेक) र मोडेलका तीस वटा हतियार राख्न पाइने र प्रत्येक सहायक शिविरमा सोही शर्तहरु अन्तर्गत प्रयोग हुने गरी पन्ध्र वटा त्यस्ता हतियार राख्न पाईनेछ । यस्ता सबै हतियारको बनोट र क्रमसंख्या उल्लेख गरी रीतपूर्वक दर्ता गरिनेछ र प्रयोग नभएका बेला तिनीहरुलाई सुरक्षागृह ( गार्डहाउस) मा बन्द गरी राखिनेछ । संयुक्त राष्ट्र संघसंग परामर्श गरी पक्षहरुले साझा खतराको मूल्याङ्कनका आधारमा परिधि सुरक्षा गर्ने प्रयोजनका लागि आवश्यक हातहतियारको संख्याको आवधिक रुपमा पुनरावलोकन  गर्नेछन् ।

नेकपा (माओवादी) नेताहरुको सुरक्षा व्यवस्था सरकारसंगको सहमतिले गरिनेछ । संयुक्त राष्ट्र संघीय नियोगले माओवादी सेना रहेका मुख्य अस्थायी शिविरहरुमा पूर्णकालीन रुपमा उपस्थित भएर तथा स्थलगत भ्रमण र नियमित निरीक्षणहरुको माध्यमबाट यी प्रतिवबद्धताहरुको अनुगमन गर्नेछ । अनियोजित रुपमा र विना सूचना यस्ता निरीक्षणहरु गरिनेछन् ।

### ४.१.३ मुख्य शिविरहरुमा माओवादी सैनिक लडाकुहरूको दर्ता व्यवस्था

माओवादी सेनाका सबै लडाकुहरूको दर्ता मुख्य अस्थायी शिविर साइटमा गरिनेछ । यस्तो दर्तामा उमेर, नाम, तह, ईकाइ/गठनभित्र उसको जिम्मेवारी, सेवा प्रवेश गरेको मिति उल्लेख गर्ने व्यवस्था हुनेछ, र यसले कर्मचारीको पूर्ण सूची तयार गर्ने आधार उपलब्ध गराउनेछ । माओवादीका लडाकुहरुको साथमा हतियार रहेको वा नरहेको जेभए तापनि उनीहरुको दर्ता गरिनेछ । कुनै हतियार साथमा रहेको भए त्यस्तो हतियारको किसिम र अबस्था उल्लेख गरिनेछ । ईकाइ/गठन बिशेष आधारमा हातहतियारको कुल संख्या उल्लेख गरिनेछ । ११ जेठ २०६३ (२५ मे २००६) भन्दा अघि माओवादी सेनाको सदस्य भएका व्यक्तिहरू मात्र अस्थायी शिविरमा रहनको लागि योग्य हुनेछन् । पक्षहरुले संयुक्त राष्ट्र संघसंग परामर्श गरी यो पहिलेदेखिको विद्यमान सेवालाई कसरी निर्धारण गर्ने भन्ने बारेमा सहमति गर्नेछन् ।

यस दर्ता व्यवस्थाको अङ्गको रूपमा माओवादी सेनाका सबै लडाकुहरूले आफ्नो माओवादी सेनाको परिचयपत्र प्रस्तुत गर्नेछन् र त्यसमा संयुक्त राष्ट्र संघको छाप लगाइनेछ । परिचयपत्रहरूमा छाप लगाउने प्रकृया निर्धारण गरिनेछ । यो दर्ता परिचयपत्रको आधारमा माओवादी सेनाका सदस्यहरूलाई उपलब्ध गराईने कुनै पनि सहयोग, सहायता उपलब्ध गराइनेछ । दर्ता नभएका व्यक्तिहरू सहायता पाउन योग्य हुने छैनन् र उनीहरूलाई अस्थायी शिविरमा बस्न दिईने छैन ।

अस्थायी शिविर साइटमा रीतपूर्वक दर्ता भएका माओवदी सेनाका लडाकुहरू मात्रै स्तरीय मान्यताहरू पूरा गरी सुरक्षा फौजभित्र गरिने संभावित समायोजनका लागि योग्य हुनेछन् । वर्खास्त गरिएको कर्मचारी संभावित समायोजनको लागि अयोग्य हुनेछ । विस्तृत शान्ति सम्झौतामा सहमति भए बमोजिम एउटा बिशेष समितिले सुरक्षा फौजभित्र समायोजन हुनको लागि योग्य व्यक्तिहरूको निर्धारण गर्नेछ । यो समायोजनको प्रकृयाको निर्धारण पक्षहरूबीच हुने भावी सम्झौताबाट हुनेछ । दर्ता भएपछि, माओवादी सेनाको कुनै लडाकु १२ जेष्ठ २०४५ (२५ मे १९८८) पछि जन्मेको पाईएमा त्यस्तो लडाकुलाई सम्मानकासाथ बर्खास्त गरिनेछ ।

वर्खास्त गरिएका माओवादी सेनाका लडाकुहरूले सम्पूर्ण हातहतियार, बर्दी र अन्य सैनिक सरसामान/उपकरण बुझाउनु पर्ने र त्यस्ता लडाकुहरू पक्षहरुसँग परामर्श गरी संयुक्त राष्ट्र संघीय अनुगमनकर्ताहरुले आपसी रुपमा मन्जूर गरेकोमा बाहेक अस्थायी शिविरहरुमा फर्कने छैनन् । स्वेच्छिक आधारमा हटाइएका कर्मचारीलाई उपलब्ध गराइने सहयोगको प्याकेजका बारेमा अस्थायी शिविरमा जानुभन्दा अगावै पक्षहरुबीच सहमति हुनेछ । माओवादी सेनाका लडाकुहरुको रेखदेख, समायोजन र पुनर्स्थापनाको निम्ति अन्तरिम मन्त्रिपरिषद्ले एउटा बिशेष समिति गठन गर्नेछ ।

## ४.२ नेपाली सेनालाई व्यारेकमा राख्ने कार्य

### ४.२.१ साधारण नियमहरू

संयुक्त राष्ट्र संघलाई प्रेषित पत्रमा व्यक्त प्रतिबद्धता अनुसार नेपाली सेना आफ्नो व्यारेकभित्र सीमित रहनेछन् र नेपाली सेनाका हातहतियारहरू कसैको पक्ष वा विपक्षमा प्रयोग हुनेछैनन् । नेपाली सेनाका वलहरू वा हातहतियार कुनै पनि पक्ष वा विपक्षमा प्रयोग भए नभएको अनुगमन गर्ने प्रयोजनका लागि संयुक्त राष्ट्र संघीय अनुगमनकर्ताहरूलाई नेपाली सेनाको कुनै वा सबै व्यारेकहरूमा पहुँच प्राप्त हुनेछ । निरीक्षणकोलागि नेपाली सेनाको कुनै व्यारेकको भ्रमण गर्दा साइट कमाण्डरलाई विधिवत सूचना दिइनेछ र संयुक्त राष्ट्र संघीय अनुगमन सैन्य र हातहतियारको व्यवस्थापन सम्बन्धी विषयहरूसंग मात्र सम्बन्धित हुनेछ ।



This document was created using SmartPDF Creator. To remove this message purchase the product at www.SmartPDFCreator.com

मन्त्रिपरिषद्ले सैनिक ऐन, २०६३ वा भविष्यमा बन्ने तत्सम्बन्धी कानून अनुसार नेपाली सेनाको नियन्त्रण, परिचालन र व्यवस्थापन गर्नेछ । अन्तरिम मन्त्रिपरिषद्ले अन्तरिम संसद⁄व्यवस्थापिकाको सम्बन्धित समितिको सुझाव लिएर नेपाली सेनाको लोकतान्त्रीकरणको विस्तृत कार्ययोजना तर्जुमा र कार्यान्वयन गर्नेछ । यस अन्तर्गत नेपाली सेनाको उपयुक्त संख्या, लोकतान्त्रिक संरचना, राष्ट्रिय र समावेशी चरित्र निर्माण गर्दै लोकतन्त्र र मानव अधिकारको मूल्यद्वारा सेनालाई प्रशिक्षित गर्ने लगायतका कामहरू गरिनेछन् ।

### ४.२.२ कमाण्डरको जिम्मेवारी

नेपाली सेना व्यारेकभित्र रहेको अनुगमन गर्न नेपाली सेनाको नियमित चेन अफ कमाण्ड, नियन्त्रण, संचार र सूचना उपयोग गरिनेछ । कमाण्डरहरूले संयुक्त राष्ट्र संघीय नियोगलाई देहायको कुराको विस्तृत जानकारी उपलब्ध गराउने छन् :

(१) नक्सामा देखाईएका ईकाइ (युनिट) र सहायक-ईकाइ (सवयुनिट) को कमाण्ड संरचना,
(२) गुल्म तह तलसम्मका कमाण्डरहरूको नाम,
(३) संचार प्रणाली,
(४) सैन्य क्रम (Order of battle)⁄सैनिक संरचना, संगठन, सैनिकको खटनपटन र संख्या,
(५) धराप, बारूदी सुरूङ्ग, बिष्फोट नभएका गोलीगठ्ठा, बिष्फोटक पदार्थहरू, अपरिष्कृत बिस्फोटक उपकरण र यस्ता सामग्रीहरूको वास्तविक अवस्थिति, र
(६) हातहतियार र सेनाहरूको व्यवस्थाको उपयुक्त अनुगमन गर्नका लागि संयुक्त राष्ट्र संघले मागेको अन्य जानकारी ।

नेपाली सेनाले संयुक्त राष्ट्र संघ र सम्बद्ध कर्मचारी, मालसामान र सेवाहरूको संरक्षण, सुरक्षा, उनीहरूको आवतजावत गर्ने स्वतन्त्रता र हीत सुनिश्चित गर्ने तथा दफा २ अनुसार संयुक्त राष्ट्र संघीय नियोगसंगको सहयोगमा जानकारी उपलब्ध गराउनेछ ।

छानिएका नेपाली सेनाका व्यारेकहरूमा दैनिक रूपमा उपस्थित भई, स्थलगत भ्रमण र नियमित निरीक्षण गरी संयुक्त राष्ट्र संघीय नियोगले यी प्रतिबद्धताहरुको अनुगमन गर्नेछ ।

### ४.२.३ हातहतियारको भण्डारण र नियन्त्रण

संयुक्त राष्ट्र संघलाई प्रेषित पत्रमा व्यक्त प्रतिवद्धता अनुरुप नेपाली सेनाका हातहतियारहरु कसैको पनि पक्ष वा विपक्षमा प्रयोग नभएको सुनिश्चित गर्न नेपाली सेना व्यारेकभित्र सीमित रहनेछ । माओवादी सेनाको तर्फबाट भण्डारण गरिएका हतियारको बराबरी संख्यामा नेपाली सेनाले आफ्ना हातहतियारहरु भण्डारण गर्ने र एकल ताल्चा लगाई चाबी सम्बन्धित पक्षले राख्नेछ । सो ताल्चा लगाउने प्रकृयामा संयुक्त राष्ट्र संघको अनुगमनको लागि साइरन सहितको संयन्त्र जडान गरी दर्ता गर्ने । भण्डारण गरिएका हतियारको आवश्यक जाँचबुझ गरी संयुक्त राष्ट्र संघले सो कार्य सम्बन्धित पक्षको रोहवरमा गर्नेछ । पक्षहरु दफा ४.२ मा उल्लिखित शर्तहरु अन्तर्गत कुन कुन व्यारेकमा नेपाली सेनाका हातहतियारको अनुगमन गर्ने हो सो पहिचान गरी तत्सम्बन्धमा सहमत हुनेछन् । भण्डारण गर्ने कन्टेनरहरुमा हतियार राखिनेछ ।

### ४.२.४ पुनः खटनपटन र एकट्ठा : नेपाली सेनाले गर्न पाउने कृयाकलापहरू

विस्तृत शान्ति सम्झौताको भावना अनुसार नेपाली सेनाले गर्दै आएका सीमा सुरक्षा, आरक्ष क्षेत्र, संरक्षित क्षेत्र, बैंक, विमानस्थल, विद्युतगृह, टेलिफोन टावर, केन्द्रीय सचिवालयको सुरक्षा र बिशिष्ट व्यक्तिहरूको

सुरक्षा लगायतका कामहरूलाई निरन्तरता दिईनेछ । रक्षा सचिवले यस्ता काममा खटाईएका सैन्य बलको संख्या र किसिम खुल्ने गरी यस्ता संस्था र संरचनाहरूको विस्तृत सूची तयार पारी राख्नेछ । अबस्था बिशेषको आधारमा संयुक्त राष्ट्र संघीय अनुगमनकर्ताहरूले आवश्यक देखेमा यो सूची उनीहरूलाई उपलब्ध गराइनेछ ।

नेपाली सेनाले गर्न पाउने कृयाकलापहरू देहाय बमोजिम छन् :

१. व्यारेकभित्र गरिने नियमित सैनिक कृयाकलापहरू र व्यारेक तथा क्याम्पहरूभित्र गरिने नियमित तालीम/तोकिएका लाइभ फायरिंग दूरीहरूमा सीमित लाइभ फायरका अभ्यासहरू गर्नु अघि संयुक्त अनुगमन समन्वय समितिलाई ४८ घण्टाको पूर्व सूचना दिनु पर्नेछ ।
२. सरकारले निर्देशन गरे बमोजिम सरकारी समारोह, परेड आदिमा भाग लिने ।
३. सरकारले निर्देशन गरे बमोजिम सीमा सुरक्षाको व्यवस्था गर्ने ।
४. व्यबस्था भए बमोजिम सवारी लगायत, एकल-एकल (One-to-one) आधारमा सैनिकहरूको उद्धार गर्ने ।
५. व्यबस्था भए बमोजिम सवारी लगायत घातक (लीथल) उपकरण वाहेकका अन्य उपकरणको नियमित मर्मतसम्भार, विस्थापन गर्ने । घातक (लीथल) हातहतियारको मर्मतसम्भार र विस्थापन गर्ने कार्य अन्तरिम सरकारले तय गरे बमोजिम वा दुबै पक्षको सहमतिले मात्रै गर्न सकिनेछ ।
६. नागरिक निकायहरूले निर्देशन गरे बमोजिम केन्द्रय, क्षेत्रीय र स्थानीय तहमा विकास र निर्माणका कार्य गर्ने ।
७. सरकारले निर्देशन दिए बमोजिम प्राकृतिक र अन्य प्रकोपको समयमा उद्धार कार्यमा सहयोग उपलब्ध गराउने ।
८. संयुक्त राष्ट्र संघको आव्हानमा शान्ति कायम राख्ने कृयाकलापहरूमा तथा तत्सम्बन्धी सबै तयारी, यातायात, तालीम, उपकरणहरूको हस्तान्तरण गर्ने आदि कार्यमा भाग लिने ।
९. अती बिशिष्ट र बिशिष्ट व्यक्तिहरूको सुरक्षा व्यवस्था गर्ने ।
१०. सरकारले निर्देशन दिए बमोजिम महत्वपूर्ण संरचनाहरूको सुरक्षाको व्यवस्था गर्ने ।
११. नेपाल राष्ट्र बैंकको रकम ढुवानीमा सुरक्षा दिने व्यवस्था गर्ने ।

उपरोक्त सबै कृयाकलापहरूको हकमा दफा ५.२ मा उल्लिखित सेनाको सूचना, हवाई आवागमन र अभ्यास सम्बन्धी नियमहरू लागू हुनेछन् ।

## ५ सम्झौताको पालना

### ५.१ निषेधित कृयाकलापहरू

विस्तृत शान्ति सम्झौताको भावना अनुसार र यस सम्झौताको परिप्रेक्ष्यमा नेपाली सेना व्यारेकमा सीमित रहेपछि र माओवादी सेनाका लडाकुहरू अस्थायी शिविरमा बसिसकेपछि पक्षहरूले सुक्ष्म रूपमै देहायका कृयाकलापहरू गर्ने छैनन् ।

१. हातहतियार साथमा लिई हिड्ने कार्य कानून विरूद्धको कार्य हो । हातहतियारको प्रदर्शन, त्रास र कुनै पनि किसिमको हिंसाको प्रयोग निषेध गरिएको छ र हातहतियारको प्रयोग कानूनी रूपले दण्डनीय छ ।
२. प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा एक अर्काप्रति लक्षित कुनै पनि किसिमका हातहतियारको प्रयोग वा आक्रमण गर्ने कार्य ।

This document was created using Smart PDF Creator
To remove this message purchase the product at www.SmartPDFCreator.com

३. आन्तरिक रूपमा बिस्थापित व्यक्तिहरू, मानवीय र विकास कार्यकर्ताहरू र अन्य गैर-लडाकु व्यक्तिहरू लगायत कुनै पनि व्यक्तिलाई हानी पुराउने वा डर, त्रास देखाउने कार्य र उनीहरूका उपकरण र सम्पत्ति जफत गर्ने कार्य ।
४. धराप थाप्ने, हत्या र हिंसात्मक कारवाही ।
५. अपहरण गर्ने, गैरकानुनी थुनामा राख्ने वा कैद गर्ने, वेपत्ता पार्ने कार्य ।
६. नेपालभित्र र नेपाल माथि गरिने सबै आक्रमक सैन्य उडानहरू ।
७. सार्वजनिक/निजी/सरकारी, सैनिक वा संयुक्त राष्ट्र संघको सम्पत्ति हानिनोक्सानी गर्ने वा जफत गर्ने कार्य र संयुक्त राष्ट्र संघका सम्वद्ध कर्मचारी विरुद्धको आक्रमण ।
८. जमिनमुनि बारूद विछ्याउने वा अपरिष्कृत बिस्फोटक उपकरण राख्ने कार्य, विध्वँसात्मक कार्य (स्याबोटेज) वा सैन्य जासूसी कार्य ।
९. अतिरिक्त सशस्त्र सेना भर्ना गर्न वा एक अर्का विरूद्ध सैनिक हर्कत गर्ने कार्य, हातहतियार, खरखजाना र बिष्फोटक पदार्थहरू ओसारपसार गर्ने कार्य समेत (यस सम्झौताका शर्तहरू बमोजिम पक्षहरूले आपसी सहमति जनाई पूर्व सूचना दिएको अबस्थामा बाहेक) ।
१०. इच्छा विपरित तथा प्रचलित कानून प्रतिकूल नगद वा जिन्सी संकलन गर्ने र सेवा लिने वा कर लगाउने कार्य ।
११. मानवीय सहयोग उपलब्ध गराउने वा नागरिकहरूको संरक्षण गर्ने काममा अवरोध पुराउने वा ढीलाई गर्ने कुनै पनि कारवाही ।
१२. अन्तरिम सरकार वा सोको उत्तराधिकारीले स्वीकृत गरेका कृयाकलापहरू संचालन गर्ने मानवतावादी वा विकास सम्बन्धी निकायहरूको सुरक्षित, स्वतन्त्र र निर्वाध आवागमनमा रोक लगाउने कुनै पनि कार्य ।
१३. लिंगमा आधारित हिंसाको सबै रूप र कार्य ।
१४. मानिस र मालसामानको स्वतन्त्र आवागमनमा प्रतिबन्ध लगाउने कुनै पनि कार्य ।
१५. संयुक्त राष्ट्र संघीय नियोगका प्रयत्नहरूमा व्यवधान पुराउने र संयुक्त राष्ट्र संघीय नियोगलाई सहयोग गर्न असमर्थ भएको मानिने कुनै पनि कृयाकलाप, कुनै पनि ठाउँमा गस्ति गर्ने वा उडान भर्ने संयुक्त राष्ट्र संघीय नियोगको कार्यलाई निषेध गर्ने कार्य समेत ।
१६. कुनै पक्षले आफ्नो उपकरण, कर्मचारी वा कृयाकलापलाई संयुक्त राष्ट्र संघीय नियोग, अन्य संयुक्त राष्ट्र संघीय निकायहरू, रेडक्रस/रेडक्रिसेन्टको अन्तर्राष्ट्रिय समिति वा अन्य यस्तै कुनै संगठनको उपकरण, कर्मचारी वा कृयाकलाप हो भनी ढाकछोप गर्ने कुनै पनि प्रयत्न/उद्योग ।
१७. संयुक्त अनुगमन समन्वय समितिको सहमति विना सैन्य वल र कुनै स्थितिको उपकरण वा दरवन्दीको पदलाई उनीहरूको आ-आफ्नो खटनपटन स्थिति वा दरबन्दी बाहिर पुनपरिचालन गर्ने कुनै पनि प्रयत्न/उद्योग ।
१८. अठार बर्ष र सोभन्दा मुनिका बालबालिकालाई शसस्त्र वलमा प्रयोग गर्ने कार्य ।
१९. सबै आक्रामक प्रचारबाजी र सैन्य कारवाही उक्साउने कार्य ।

पक्षहरूले यस सम्झौतामा अन्यत्र निषेध गरिएका कृयाकलापहरू पनि गर्नु हुँदैन ।

## ५.२ गर्न पाईने कृयाकलापहरू

दुवै पक्षले गर्न पाउने कृयाकलापहरूमा अन्तर्निहित मुख्य सिद्धान्त शसस्त्र द्वन्द्वबाट गैर-सैनिक व्यक्तिहरू तथा युद्धबाट प्रभावित क्षेत्रमा पर्ने असर निवारण गर्नु र शान्तिकोलागि आम समर्थन जुटाउनु हो । दुवै पक्षले गर्न पाउने कृयाकलापहरूको संचालन अन्तरिम सरकारको निर्णय अनुसार गरिनेछ । सैनिक, हवाई

This document was created using Smart PDF Creator. To remove this message purchase the product at www.SmartPDFCreator.com

गतिविधि र अभ्यासको बारेमा विधिवत सूचना दिनुपर्ने छ र त्यस्तो कार्य कम्तीमा ४८ घण्टा अगावै संयुक्त अनुगमन समन्वय समितिबाट स्वीकृत हुनुपर्नेछ ।

गर्न पाईने कृयाकलापहरूमा निम्नलिखित कृयाकलापहरू समेत समावेश हुनेछन् :

(१) बारूदी सुरूङ्ग र सैन्य अवरोधहरू हटाउने,
(२) अन्तरिम सरकारको निर्णय अनुसार सडक सुधार र खुला गर्ने, पुल पुलेसा तथा हवाई मैदानहरूको पुनर्स्थापना गर्ने समेतका कार्यहरू समेटिएका विकास सम्बन्धी कृयाकलापहरू,
(३) मानवीय उद्धार,
(४) मानिस, मालसामान र सेवाहरूको स्वतन्त्र आवागमनमा सघाउ पुराउने जस्ता सामाजिक, आर्थिक कृयाकलाप,
(५) बिदा स्वीकृत गराई बसेका, औषधोपचारको क्रममा रहेका वा पारिवारिक भेटघाटमा रहेका सादा पोशाकका हतियारविहिन सैनिकहरूलाई स्वतन्त्र रूपमा आवागमन गर्न दिने कार्य । पक्षहरू आपसी रूपमा सहमत भएकोमा बाहेक, कुनै पनि अस्थायी शिविर वा व्यारेकमा रहेका कुल सैन्यमध्ये १२ प्रतिशतभन्दा बढीलाई एकसाथ विदामा बस्ने अनुमति दिइने छैन ।
(६) सैनिक इकाईहरूलाई गैरघातक सामानहरू, खाना, पानी औषधि, पेट्रोल, तेल र लुब्रिक्याण्ट, शैक्षिक सामग्री, पोशाक आदि आपूर्ति गर्ने, र
(७) उपचारकोलागि उद्धार ।

### ५.३ उल्लङ्घन

देहायका कार्यहरूलाई यस सम्झौताको उल्लङ्घन मानिनेछ :

(१) यो सम्झौताको उल्लङ्घन गर्ने कुनै पनि कार्य,
(२) अनधिकृत सैनिक गतिविधि,
(३) अनधिकृत भर्ती, बोलावट वा परिचालन,
(४) सैनिक उपकरणको अनधिकृत भण्डारण,
(५) मानव अधिकार, मानवतावादी कानूनको अल्लंघन वा जनताको आवागमनको स्वतन्त्रता, मालसामान र सेवाको स्वतन्त्र ओसारपसारमा अवरोध,
(६) जासूसी, विध्वँसात्मक कार्य, हवाई निगरानी र बिध्वंश (Subversion) का कार्यहरु, र
(७) संकटकालीन अबस्थामा वा उपचारका लागि उद्धार गर्नु परेको अबस्थामा बाहेक पक्षहरुलाई र संयुक्त राष्ट्र संघीय नियोगलाई ४८ घण्टाको सूचना नदिई अस्थायी शिविरहरु माथि गरिने सैनिक उडानहरु वा गैर-सैनिक वायुयान प्रयोग गरी गरिने सैनिक उडानहरु ।

## ६. संयुक्त राष्ट्र संघिय नियोग

यो सम्झौताको पालना भए नभएको कुराको अनुगमन (१) संयुक्त राष्ट्र संघीय अनुगमनकर्ताहरुबाट, वा (२) संयुक्त अनुगमन समन्वय समितिबाट यो सम्झौताका अन्य व्यवस्थाहरुलाई दृष्टिगत गरी निर्णय भएकोमा संयुक्त अनुगमन टोलीहरुबाट हुनेछ ।

संयुक्त राष्ट्र संघीय निकायले यस सम्झौताको पालनाका सम्बन्धमा पक्षहरुलाई प्रतिवेदन दिनेछ । त्यसरी प्रतिवेदन दिंदा यसले सिधै वा संयुक्त अनुगमन समन्वय समिति मार्फत दिन सक्नेछ ।

This document was created using Smart PDF Creator
To remove this message purchase the product at www.SmartPDFCreator.com

## ६.१ संयुक्त अनुगमन समन्वय समिति

नौ सदस्यीय संयुक्त अनुगमन समन्वय समितिको अध्यक्षको नियुक्ति संयुक्त राष्ट्र संघीय नियोगबाट हुनेछ । माओवादी सेना र नेपाली सेनाबाट एक एक जना गरी दुई जना उपाध्यक्षहरु रहनेछन् । बांकी ६ जना सदस्यहरुमा संयुक्त राष्ट्र संघका दुई जना, नेपाली सेनाका दुई जना र माओवादी सेनाका दुई जना रहनेछन् । यी सबै सदस्यहरुको छनौट सम्बन्धित पक्षहरुबाट हुनेछ ।

संयुक्त अनुगमन समन्वय समितिले सर्वसम्मतिको आधारमा निर्णय गर्नेछ । गतिरोध उत्पन्न भएको अवस्थामा, पक्षहरुले यस सम्झौताको पालना गरे नगरेको सम्बन्धमा महासचिव र अन्तरिम सरकार समक्ष सोको समाधानका लागि जानकारी/प्रतिवेदन पेश गर्ने अधिकार संयुक्त राष्ट्र संघका महासचिवको प्रतिनिधिलाई हुनेछ । अध्यक्षले महासचिवका प्रतिनिधिलाई र पक्षहरुका तोकिएका प्रतिनिधिहरु लाई संयुक्त अनुगमन समन्वय समितिका कृयाकलापहरुको बारेमा नियमित रुपमा प्रतिवेदन दिने छ । संयुक्त अनुगमन समन्वय समितिले तीन वटा मुख्य कामहरु गर्नेछ :

(१) यस सम्झौताको कार्यान्वयन गर्न पक्षहरुलाई सहयोग गर्ने । संयुक्त अनुगमन समन्वय समिति यस सम्झौताका शर्तहरु अनुसार हातहतियार र सेनाको अनुगमन गर्ने र उपयुक्तता अनुसार धारा ५.२ बमोजिमका कृयाकलापहरु स्वीकृत गर्ने केन्द्रीय समन्वयकारी निकाय हुनेछ ।
(२) विवाद समाधान संयन्त्रको रुपमा काम गर्ने । संयुक्त अनुगमन समन्वय समितिले यस सम्झौताको कार्यान्वयन सम्बन्धी सबै विवाद र सैन्य वा संचालन सम्बन्धी कठिनाई, उजुरी, प्रश्न वा समस्याहरुको समाधान गर्नेछ ।
(३) विश्वास निर्माण गर्ने कार्यमा सहयोग गर्ने । संयुक्त अनुगमन समन्वय समितिले पक्षहरुको आस्था र विश्वास प्राप्त गर्ने र नेपाली जनतामाझ यस सम्झौताका समग्र लक्ष्यहरु प्रबर्द्धन गर्ने उद्देश्यले काम गर्नेछ ।

यी लक्ष्यहरु हासिल गर्ने उद्देश्यले संयुक्त अनुगमन समन्वय समितिले देहायका आधारभूत सिद्धान्तहरु अनुसार काम गर्नेछ :

(१) संभव भएसम्मको तल्लो तहमा सबै समस्या र विवादहरु समाधान गर्ने अर्थात संयुक्त अनुगमन टोलीहरुलाई अख्तियार प्रत्यायोजन गर्ने ।
(२) पक्षहरुका सरोकारका सबै घटनाहरुका सम्बन्धमा उपयुक्त अनुसन्धान गरी तत्सम्बन्धमा प्रतिवेदन दिने सक्रिय प्रयत्नहरु मार्फत संयुक्त रुपमा समस्याको समाधान तथा आस्था र विश्वास निर्माण गर्ने कार्यलाई प्रोत्साहन दिने ।
(३) यस प्रकृयामा हासिल गरिएका पाठहरुको आधारमा अघि बढ्ने ।

संयुक्त अनुगमन टोलीहरुले स्थानीय तहमा र स्थलगत भ्रमणको माध्यमबाट संयुक्त अनुगमन समन्वय समितिलाई सहयोग गर्नेछन् । एकजना अन्तर्राष्ट्रिय अनुगमनकर्ता संयुक्त अनुगमन टोलीको नेता हुनेछ र नेपाली सेनाको एकजना अनुगमनकर्ता र माओवादी सेनाको एकजना अनुगमनकर्ता टोलीका सदस्य हुनेछन् । संयुक्त अनुगमन टोलीहरुको संख्या र खटनपटन संयुक्त अनुगमन समन्वय समितिको अध्यक्षले सो निकायसंग परामर्श गरी निर्धारण गरे बमोजिम हुनेछ । संयुक्त अनुगमन टोलीका कामहरुमा निम्नलिखित कामहरु समेत समावेश हुनेछन् :

(१) गाउँ र समुदायहरुको भ्रमण गर्ने र नागरिक समुदायसंग सम्पर्क स्थापित गर्ने,



This document was created using SmartPDFCreator
To remove this message purchase the product at www.SmartPDFCreator.com

(२) संयुक्त राष्ट्र संघका अन्य निकायहरुसंगको सहयोग र अन्तर्राष्ट्रिय संघसंस्था र गैर-सरकारी संस्थाहरुसंग सम्पर्क स्थापित गर्ने,
(३) जानकारीको आदानप्रदान गरी तथा स्थानीय तनावलाई निष्कृय वनाई युद्धविरामको संचालनको लागि अनुकुल कार्यवातावरण निर्माण गर्न पक्षहरुलाई सहयोग गर्ने,
(४) स्थानीय तहमा द्वन्द्व व्यवस्थापनको थालनी गर्नको लागि सक्रियतामूखी अवधारणा अवलम्बन गर्ने, र
(५) यस सम्झौता, सन्दर्भ प्रकरण ५.१, को संभावित आरोपित उल्लंघनसंग सम्बन्धित उजुरीहरुको अनुसन्धान गरी परिपालना सुनिश्चित गर्ने उपायहरु सिफारिश गर्ने ।

तोकिएको हतियार भण्डारण निरीक्षण गर्नकालागि संयुक्त अनुगमन टोलीहरुलाई प्रयोग गरिने छैन ।

## ७ विविध

दुवै पक्षको सहमतिबाट प्रस्तुत सम्झौतामा कुनै पनि समयमा संशोधन गर्न सकिनेछ । संशोधन गर्न चाहेमा सोको पूर्व लिखित सूचना अर्को पक्षलाई प्रदान गर्न दुबै पक्ष सहमत छन् । त्यसरी सूचना प्राप्त भएपछि दुवै पक्षको सहमतिबाट यस सम्झौतालाई संशोधन गर्न सकिनेछ । त्यस्तो संशोधनले गर्ने व्यवस्था मान्यताप्राप्त अन्तर्राष्ट्रिय मानव अधिकार र मानवतावादी कानूनका न्यूनतम मापदण्डहरुभन्दा न्यून हुने छैन ।

दुवै पक्ष प्रस्तुत सम्झौताको कार्यान्वयनका लागि आवश्यकतानुसार पूरक समझदारीहरुमा हस्ताक्षर गर्न मन्जुर गर्दछन् ।

दुवै पक्षले यस सम्झौताको नेपाली र अंग्रेजी भाषाका प्रतिहरुमा हस्ताक्षर गर्नेछन् । संयुक्त राष्ट्र संघको रोहवरमा यस सम्झौताको अंग्रेजी भाषाको प्रतिमा हस्ताक्षर गरिनेछ, र सोही अनुसार, मतभिन्नता उत्पन्न भएका बिषयहरुमा यस सम्झौताको अंग्रेजी भाषाको प्रतिलाई आधिकारिक मानिनेछ ।
सवै पक्षहरुबाट गरिने यस सम्झौताको व्याख्या र कार्यान्वयन विस्तृत शान्ति सम्झौताको मर्मवाट निर्देशित हुनेछ ।

यो सम्झौता हस्ताक्षर भएको मितिदेखि लागू हुनेछ र यसले १२ मंसिर २०६३ (२८ नोभेम्बर २००६) का दिन सम्पन्न यसै नामको सम्झौतालाई विस्थापित गर्नेछ ।

काठमाण्डौ, नेपालमा २२ मंसिर २०६३ (८ डिसेम्बर २००६) का दिन सम्पन्न भयो ।

| | |
|---|---|
| ............................ | ............................ |
| कृष्ण वहादुर महरा | कृष्ण प्रसाद सिटौला |
| संयोजक | संयोजक |
| वर्ता टोली | वर्ता टोली |
| नेकपा (माओवादी) | नेपाल सरकार |

नेपाल सरकार कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय अन्तर्गतको नेपाल कानून किताब व्यवस्था समितिबाट अनुवाद भई प्राप्त भएको व्यहोरा शान्ति सचिवालयको तर्फबाट प्रमाणित गरिएको ।

............................
(रमेश कुमार शर्मा)
नि.सचिव

This document was created using SmartPDF Creator. To remove this message purchase the product at www.SmartPDFCreator.com